**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेब खनाल**

**<u>फैसला</u>**

२०७९/०८० सालको निर्णय नं. २२४

पुनरावेदन नं. ०७४-RB-०१५६

पुनरावेदन दर्ता मितिः-२०७५।०२।०८

**मुद्दाः-<u>मूल्य अभिबद्धि कर (आ.व.२०७१/०७२)।</u>**

| | |
|---|---|
| साउथ एसियन इन्फ्रास्ट्रक्चर प्रा.लि. का.म.न.पा. ३५ कोटेश्वर (स्थायी लेखा नं. ६०१३९११६१) को अख्तियार प्राप्त सिनियर मेनेजर इन्द्र प्रसाद ढकाल..............१ | पुनरावेदक |

**<u>विरुद्ध</u>**

| | |
|---|---|
| राजस्व अनुसन्धान विभाग,ललितपुर.............................................................१<br>आन्तरिक राजस्व विभाग,काठमाण्डौ...........................................................१ | प्रत्यर्थी |

**<u>शुरु निर्णय गर्ने कार्यालय र अधिकारी</u>**

शुरु निर्णय गर्ने कार्यालयः- राजस्व अनुसन्धान विभाग, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः- उप-महानिर्देशक गोविन्द बहादुर वानिया

शुरु कार्यालयको निर्णय मितिः-२०७३।०५।१६

**<u>उपस्थित कानून व्यवसायीहरु</u>**

पुनरावेदकका तर्फबाट :- विद्वान वरिष्ठ अधिवक्ता श्री रामकृष्ण निराला,
विद्वान अधिबक्ताद्वय डा.श्री रूद्र शर्मा र श्री तारादेव जोशी

प्रत्यर्थी कार्यालयका तर्फबाट :- विद्वान सहायक न्यायाधिवक्ता श्री विकास बन्जारा

**<u>अवलम्वित नजीरः ×</u>**

पुनरावेदक कम्पनीका हकमा राजस्व अनुसन्धान विभाग, हरिहरभवन ललितपुरबाट मिति २०७३।०५।१६ मा भएको अन्तिम कर निर्धारणको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट ६० दिनभित्र निर्णय दिनु पर्नेमा उक्त निर्णय दिएको सूचनाको जानकारी हालसम्म नआएको भनी विभागलाई सूचना दिई राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम करदाताको तर्फबाट परेको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यसप्रकार रहेको छ।

## तथ्य खण्ड

१. जल विद्युत पावर हाउस निर्माणको ठेक्कापट्टाको कार्य गर्ने करदाता श्री साउथ एसियन इन्फ्रास्ट्रक्चर प्रा.लि. (स्थायी लेखा नं. ६०१३९११६१) को कर अवधि २०७१ फागुन, २०७१ चैत्र, २०७२ बैसाख, २०७२ जेष्ठ र २०७२ असारको कारोवारको सम्बन्धमा अनुसन्धान तथा छानविन सम्पन्न भई राजस्व अनुसन्धान विभाग, हरिहरभवन ललितपुरमा मिति २०७३।०४।२६ मा पेश भएको प्रतिवेदन।

२. मिति २०७३।०४।२६ मा राजस्व अनुसन्धान विभाग, हरिहरभवन ललितपुरमा पेश भएको प्रतिवेदनको आधारमा आर्थिक वर्ष २०७१/०७२ का लागि मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) वमोजिम कर, जरिवाना, थप दस्तुर र व्याज गरी रू.७३,०९,४०१।- को प्रारम्भिक कर निर्धारण आदेश करदाताको नाममा मिति २०७३।०४।२७ मा जारी भएको।

३. राजस्व अनुसन्धान विभाग, हरिहरभवन ललितपुरबाट मिति २०७३।०४।२७ मा जारी भएको प्रारम्भिक कर निर्धारण आदेश करदाताले मिति २०७३।०५।०१ मा बुझीलिई सो को जवाफ मिति २०७३।०५।१५ मा पेश गरेको।

४. आ.ब २०७१/०७२ मा करदाताले जगदम्बा ट्रेड कन्सर्न र गौरीशंकर स्टील एण्ड सप्लायर्सबाट रू.२,४१,८९,८६६।- का झुट्टा र नक्कली खरिदहरू देखाई सोमा मूल्य अभिवृद्धि कर रू.३१,४४,६८३।- को कर कट्टी लिएकोले सो कर रकम तथा करदाताले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९ (२) को (क) बमोजिमको उक्त कसूर गरेकोले करको शतप्रतिशतले लाग्ने जरिवाना रू.३१,४४,६८३।- ऐ.ऐनको दफा १९ बमोजिमको थप दस्तुर र दफा २६ बमोजिमको व्याज समेत अशुल गर्न ऐ. ऐनको दफा २०(१) (ख) (ग) र (घ) बमोजिम कर निर्धारण हुने ठहर्छ। करदाताबाट प्रारम्भिक कर निर्धारण आदेशको सम्बन्धमा कर निर्धारण गर्नु नपर्ने ठोस प्रमाण पेश गरेको नपाइएकोले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१)(ख)(ग)र(घ) बमोजिम कर निर्धारण गरी मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९ (३) बमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्ने भन्ने समेत वेहोराको मिति २०७५।०५।१६ मा राजस्व अनुसन्धान विभाग, हरिहरभवनबाट भएको निर्णय।

५. राजस्व अनुसन्धान विभाग, हरिहरभवन ललितपुरले मिति २०७३।०५।१६ मा जारी गरेको आ.व. २०७१/०७२ को मूल्य अभिवृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी श्री साउथ एसियन इन्फ्रास्ट्रक्चर प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७३।०९।०४ मा आन्तरिक राजस्व विभागमा निवेदन पेश गरेकोमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३१क.(४) बमोजिम ६० दिनभित्र निर्णय गरि सक्नुपर्नेमा सो नभएको कारणबाट ऐ.ऐनको दफा ३१क.(५) बमोजिम आन्तरिक राजस्व विभागलाई जानकारी दिई म्यादभित्र यस राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गरेको।

६. निवेदकले मिति २०७५।०२।०८ मा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ३१क. बमोजिम श्री राजस्व न्यायाधिकरणमा पुनरावेदन गरिने जानकारी गराएको र मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम श्री राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गराएको वेहोराको जानकारी सहित सोको एक प्रति पुनरावेदन पत्र राखी मिति २०७५।०२।१३ मा निवेदन दर्ता गराएको हुँदा प्रस्तुत निवेदकले पेस गरेको प्रशासकीय पुनरावलोकन निवेदनको तथ्यमा प्रवेश गरी निर्णय दिन मिल्ने देखिएन। तसर्थ प्रस्तुत निवेदकले दर्ता गरेको प्रशासकीय पुनरावलोकनको निवेदन लगतबाट कट्टा हुने भन्ने समेत वेहोराको मिति २०७५।०२।१७ मा भएको आन्तरिक राजस्व विभागको निर्णय।

७. पुनरावेदक कम्पनीले जगदम्बा ट्रेड कन्सर्नबाट रू.१,४८,८४,७३१।- र गौरीशंकर स्टील एण्ड सप्लायर्सबाट रू.९३,०५,१३५।- निर्माण सामग्री खरिद गरिएको भनिएका निर्माण सामग्रीहरूको भुक्तानी गर्दा एकाउण्ट पेयी चेक मार्फत गरिएको हो। उक्त भुक्तानीलाई नक्कली भुक्तानी भन्न मिल्दैन। साथै आंशिक भुक्तानीहरू हुने हुँदा त्यस्ता भुक्तानीहरू पेश्कीको रूपमा हुन्छ।भुक्तानी अनुसारकै लेखा राखिएको अवस्थामा हचुवाको भरमा मूल्य अभिबृद्धि कर ऐन,२०५२ दफा २०(१)(ख),(ग) र (घ) बमोजिम गरिएको अन्तिम कर निर्धारण आदेश र सोही ऐनको दफा २९(२) को (क) बमोजिम शत प्रतिशत जरिवाना, दफा २६ बमोजिम व्याज, दफा १९ बमोजिम थप दस्तुर लगाउने गरी भएको निर्णय त्रुटिपूर्ण भएको हुँदा सोलाई बदर गरी अन्तिम कर निर्धारण आदेश अनुसारको कर, जरिवाना, थप दस्तुर र व्याजसमेतको कुनै रकम तिर्न नपर्ने फैसला गरी पाउँ भन्ने समेत बेहोराको मिति २०७५।०२।०८ मा यस न्यायाधिकरणमा पेश गरेको पुनरावेदन पत्र।

८. यसमा मुलुकी ऐन अ.व. २०२ नं. बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७५।०४।१८ मा भएको आदेश।

९. यी पुनरावेदकको आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका सम्बन्धमा दिएको निवेदन उपर निर्णय भए नभएको बारे जानकारी माग गरी यस न्यायाधिकरणबाट

२०७५।०२।०९ मा पत्र लेखिएकोमा सो बारे जानकारी प्राप्त भएको देखिएन। अतएवं: प्रशासकीय पुनरावलोकनका लागि दिएको निवेदन उपर निर्णय भए नभएको के हो? निर्णय भएको भए निर्णय सहितको मिसिल र निर्णय नभएको भए सोही वेहोराको जानकारी ३ दिनभित्र पठाईदिनु भनी आन्तरिक राजस्व विभागमा लखी पठाई जवाफ प्राप्त भएपछि नियमानुसार पेश गर्नू भन्ने वेहोराको यस न्यायाधिकरणबाट मिति २०७५।०९।१२ मा भएको आदेश।

१०. यसमा राजस्व अनुसन्धान विभाग,हरिहर भवन,ललितपुरबाट मिति २०७३।०५।१६ मा भएको निर्णय सहितको मिसिल प्राप्त हुन आएको नदेखिँदा उक्त मिसिल सो विभागबाट मगाउनु तथा राजस्व अनुसन्धान विभागबाट भएको उक्त मिति २०७३।०५।१६ को निर्णय उपर पुनरावेदकले दिएको प्रशासकीय पुनरावलोकनको निवेदन उपर आन्तरिक राजस्व विभागबाट निर्णय भए नभएको बारे त्यस विभागबाट प्राप्त मिति २०७५।०९।१५ च.नं. ९६२ को पत्रबाट खुल्न आएको नदेखिँदा सो निर्णय उपर परेको प्रशासकीय पुनरावलोकनको निवेदनमा निर्णय भएको छ,छैन? भएको भए मिसिल नै र नभएको भए सोही बेहोराको जवाफ आन्तरिक राजस्व विभागबाट झिकाई आएपछि लगाउका मुद्दाहरू साथै राखी नियमानुसार पेश गर्नू भन्ने वेहोराको यस न्यायाधिकरणबाट मिति २०७५।१२।११ मा भएको आदेश।

११. यसमा राजस्व अनुसन्धान विभागको उपनिर्देशक गोविन्द बहादुर बानियाबाट पुनरावेदक प्रा.लि.को आ.व२०७१/०७२ को कर निर्धारण भएको पाइयो। मूल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा २० तथा २(न) को परिप्रेक्ष्यमा निज उपमहानिर्देशकलाई कर अधिकृतको अधिकार प्रयोग गर्न पाउने गरी नेपाल सरकारले अधिकार प्रत्यायोजन गरेको पत्र मिसिल संलग्न रहेको नदेखिदा उक्त अधिकार प्रत्यायोजनको पत्र एक हप्ताभित्र पठाउनु भनी राजस्व अनुसन्धान विभागमा पत्राचार गरी आएपछि नियमानुसार पेश गर्नू भन्ने बेहोराको यस न्यायाधिकरणबाट मिति २०७६।०५।२२ मा भएको आदेश।

१२. आज पेशी सूचीमा रहेको यीनै करदाता पुनरावेदक भई दायर ०७४-RB-०१५८ को आयकर (२०७०/०७१) मुद्दा स्थगन गर्नको लागि विद्वान अधिबक्ता श्री तारादेव जोशीले अनुरोध गर्नु भएको र प्रस्तुत मुद्दा समेत उक्त मुद्दासंग साथै राखी सुनुवाई गर्नुपर्ने अवस्थाको देखिँदा आज सुनुवाई गर्न मिलेन। प्रस्तुत मुद्दा र ०७४-RB-०१५९, ०७४-RB-०१५७ तथा ०७४-RB-०१५८ समेतलाई लगाउ कायम गरिदिएको छ। सबै चारवटा मुद्दा एकैसाथ पेशी चढाई नियमानुसार पेश गर्नू भन्ने यस न्यायाधिकरणबाट मिति २०७८।१२।२२ मा भएको आदेश।

## ठहर खण्ड

१३. नियम बमोजिम पेशी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता साउथ एसियन इन्फ्रास्ट्रक्चर प्रा.लि.का तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ता श्री रामकृष्ण निराला, विद्वान अधिबक्ताद्वय डा.श्री रूद्र शर्मा र श्री तारादेव

जोशीले राजस्व अनुसन्धान विभागबाट पुनरावेदक करदाताको हकमा भएको मूल्य अभिबृद्धि कर निर्धारणको आदेश मिलेको नहुँदा बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री बिकास बन्जाराले शुरु कार्यालयबाट भएको मूल्य अभिबृद्धि कर निर्धारणको आदेश कानून सम्मत नै रहेको देखिंदा सदर गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

१४. पुनरावेदक करदाताबाट लिइएको पुनरावेदन जिकिर, दुवै तर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा राजस्व अनुसन्धान विभागबाट मिति २०७३।०५।१६ मा पुनरावेदक करदाताको हकमा भएको अन्तिम कर निर्धारणको आदेश मिलेको छ, छैन ? पुनरावेदक करदाताको जिकिर पुग्न सक्छ, सक्दैन भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१५. करदाताले पुनरावेदन पत्रमा मूल्य अभिबृद्धि कर निर्धारण गर्ने राजस्व अनुसन्धान विभागका महानिर्देशक गोविन्द बहादुर बाँनियालाई मूल्य अभिबृद्धि कर ऐन, २०५२ बमोजिम करको निर्णय र निर्धारण गर्ने अधिकार नभएको हुंदा अधिकार क्षेत्रको अभावमा मिति २०७३।५।१६ को निर्णय बदर हुनुपर्छ भन्ने जिकिर लिएको देखिंदा सर्वप्रथम यही विषयमा हेर्नुपर्ने देखियो। मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २० को उपदफा (१) मा "**देहायका कुनै अवस्थामा कर अधिकृतले कर निर्धारण गर्न सक्नेछ**" भन्ने ब्यवस्था रहेको देखिन्छ। सोही ऐनको दफा २ को खण्ड (न) मा "**कर अधिकृत भन्नाले नेपाल सरकारले नियुक्त गरेको कर अधिकृत वा प्रमुख कर अधिकृत वा प्रमुख कर प्रशासक सम्झनु पर्छ र सो शब्दले विभागका शाखा अधिकृत, निर्देशक, उपमहानिर्देशक वा यस ऐन बमोजिम कर अधिकृतको अधिकार प्रयोग गर्न पाउने गरी नेपाल सरकारले तोकेको अन्य कुनै अधिकृतलाई समेत जनाउछ**" भन्ने परिभाषा गरेको पाईन्छ। यस न्यायाधिकरणको मिति २०७६।५।२२ को आदेश बमोजिम राजस्व अनुसन्धान विभागबाट च.नं. १२३२ मिति २०७६।१०।०८ को पत्रसाथ संलग्न मिति २०७३।०१।२९ च.नं. २९४६ को अधिकार प्रत्यायोजनको पत्रबाट नेपाल सरकार (मन्त्री स्तरीय) को मिति २०७३।०१।२४ को निर्णय अनुसार राजस्व अनुसन्धान बिभागका उपमहानिर्देशक गोविन्द बहादुर बाँनियालाई मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ३ बमोजिम कर अधिकृतको अधिकार प्रत्यायोजन भएको समेत देखियो। त्यसैले आ.व. २०७१/०७२ को करदाताको मूल्य अभिबृद्धि कर निर्धारण गर्ने अधिकार राजस्व अनुसन्धान विभागका उपमहानिर्देशक गोविन्द बहादुर बाँनियालाई रहे भएको नै देखिंदा करदाताको उक्त पुनरावेदन जिकिरसंग सहमत हुन सकिएन ।

१६. अब, करदाताले मालवस्तु खरीद नगरी विजक मात्र खरिद गरी आ.व. २०७१/०७२ मा जगदम्बा ट्रेड कन्सर्नबाट रु. १,४८,८४,७३१।- र गौरीशंकर स्टिल एण्ड सप्लायर्सबाट रु. ९३,०५,१३५।- गरी जम्मा रु. २,४१,८९,८६६।- को नक्कली

खरिद देखाई कर कट्टी लिएको भनी राजस्व अनुसन्धान विभाग बाट मूल्य अभिबृद्धि कर निर्धारण गरिएको निर्णय मिले नमिलेको के रहेछ भन्ने अर्को प्रश्न तर्फ हेर्दा, मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २० को उपदफा (१) को खण्ड (ख) मा अधुरो वा त्रुटिपूर्ण कर विवरण पेश गरेमा, खण्ड (ग) मा झुट्टा कर विवरण पेश गरेमा र खण्ड (घ) मा करको रकम कम देखाएको वा ठीक नभएको भन्ने कर अधिकृतलाई विश्वास गर्नुपर्ने कारण भएमा समेत कर निर्धारण गर्न सकिने कानुनी व्यवस्था रहेको देखिन्छ। करदाताको विवादित खरिदको सन्दर्भमा सामान ढुवानी गरेको साधन र मिति खुल्ने प्रमाणहरु पेश हुन नसकेको, सामान आपूर्तिकर्ताका सम्बद्ध व्यक्ति रामेश्वर प्रसाद गुप्तालाई करदाताले दिएको रु ९,६७,५८७।४८ को औचित्य पुष्टी हुन नसकेको, करदाताको बैंक खातामा पर्याप्त मौज्दात नरहेको र आपूर्तिकर्ता भनिएका जगदम्बा ट्रेड कन्सर्न र गौरीशंकर स्टिल एण्ड सप्लायर्सको खातामा नियमित रकम जम्मा गरिएको र सो को कारण करदाताले आफुसंग रकम अभाव भएकाले संचालक र अन्य कसैबाट सापटी लिई मालको रकम भुक्तानी दिनुपर्ने बाध्यता भएको भन्ने जिकिर लिए पनि त्यसरी रकम सापटी दिने व्यक्ति को थियो भन्ने करदाताले खुलाउन नसकेको भन्ने समेत आधारमा करदाताको अन्तिम कर निर्धारण भएको देखिन आउछ।

१७. करदाताले गौरीशंकर स्टिल एण्ड सप्लायर्स र जगदम्बा ट्रेड कन्सर्नबाट खरिद गरेको सिमेन्ट र छड मोदिखोला आयोजना साईट कुस्मा पर्वतको लागि ढुवानी गरेको भन्ने जिकिर लिएको भएपनि उक्त आपूर्तिको क्रममा ढुवानी भाडा सम्बन्धी कुनै विजक वा चलान (विल्टी) बाट खरिद र आपूर्ति पुष्टी हुन नसकेको देखियो। करदाताले एकातर्फ ढुवानी आपूर्तिकर्ताले नै गरिदिन्छ भन्ने उल्लेख गरेको पाईयो भने अर्कोतर्फ आपूर्तिकर्ताका सम्बद्ध व्यक्ति रामेश्वरप्रसाद गुप्तालाई ढुवानी वापतको एड्भान्स रकम दिएको भनी परस्पर विरोधाभाषपूर्ण जिकिर समेत लिएको पाईयो। करदाताले खरिद गरी आपूर्ति गरेको भनिएको सामानको कारोबार खुल्ने DRI-CIS को अभिलेख पेश गर्न सकेको पनि देखिदैन भने आपूर्तिकर्ता जगदम्बा ट्रेड कन्सर्न र गौरीशंकर स्टिल एण्ड सप्लायर्सको कारोबार स्थलबाट पर्वत कुस्मा स्थित मोदी खोला साइट सम्मको बाटोमा बीचमा पर्ने राजस्व अनुसन्धान विभाग मध्यमाञ्चल क्षेत्रिय कार्यालय पथलैयामा उक्त सामान ओसारपसारको अभिलेख प्रविष्ट नभएको भन्ने ठोस आधारलाई अनुसन्धानको क्रममा विभागले स्थापित गरिरहेको मिसिलबाट देखियो। यो आधारलाई करदाताले सप्रमाण खण्डन गर्न सकेको देखिएन। यस स्थितिमा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २० को उपदफा (३) वमोजिम कर निर्धारण गर्दा राजस्व अनुसन्धान विभागले प्रमाणको भार पुऱ्याउन नसकेको भन्न मिलेन ।

१८. अत: करदाताले आ.व. २०७१/०७२ मा रु. २,४१,८९,८६६।- बराबरको झुट्टा र नक्कली खरिद देखाई त्यसमा मूल्य अभिबृद्धि कर रु. ३१,४४,८६३।- करकट्टी लिएको पुष्टी भएकोले मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २० को उपदफा (१) को

खण्ड (ख),(ग) र (घ) बमोजिम अन्तिम कर निर्धारण गरी सोही ऐनको दफा २९(२) बमोजिम शत प्रतिशत जरिवाना, दफा १९ वमोजिम थप दस्तुर र दफा २६ वमोजिमको व्याज समेत असुल गर्ने गरी राजस्व अनुसन्धान विभागबाट मिति २०७३।५।१६ मा भएको निर्णय कानूनसम्मत देखिंदा अन्यथा गर्नुपर्ने देखिएन।

१९. तसर्थ, माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट पुनरावेदक करदाता श्री साउथ एसियन इन्फ्रास्ट्रक्चर प्रा.लि. (स्थायी लेखा नं.६०१३९११६१) को आ.व. २०७१/०७२ को मूल्य अभिवृद्धि कर तर्फ राजस्व अनुसन्धान विभाग हरिहरभवनबाट मिति २०७३।०५।१६ मा अन्तिम कर निर्धारण गरेको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

**<u>तपसिल खण्ड</u>**

१. फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकील कार्यालय काठमाडौंलाई दिनू।
२. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरू मिसिल राजस्व अनुसन्धान विभाग, ललितपुर पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेब खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
इजलास अधिकृतः- सरिता रिजाल
कम्प्यूटर अपरेटरः- चन्द्रबहादुर नेपाली
फैसला मितिः- २०७९।११।२९।२
प्रमाणीकरण गर्ने लेखा सदस्यः-
फैसला प्रमाणीकरण मितिः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप